# बौद्ध महाचैत्यको दृश्यगाथा



नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**श्री बौद्धनाथ क्षेत्र विकास समिति**
बौद्ध- ६, काठमाडौं, नेपाल

# बौद्ध महाचैत्यको दृश्यगाथा

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

**श्री बौद्धनाथ क्षेत्र विकास समिति**

बौद्ध- ६, काठमाडौं, नेपाल

### प्रकाशक

**श्री बौद्धनाथ क्षेत्र विकास समिति**
बौद्ध- ६, काठमाडौं, नेपाल

### प्रकाशन व्यवस्थापन

ए वन नेपाली अपडेट प्रा.लि.
फोन: ९८४०४२६०७८

### सम्पादन/डिजाइन

केदारनाथ गौतम
फोन: ९८४१३८७१७६

### फोटो क्रेडिट

विकल सापकोटा
भीमबहादुर तामाङ
यल्जी विवश
मिसन सिविरिगो (राई)
रामेश्वर तिमल्सिना
राजकुमार लामा
सरोज बस्नेत
मणि लामा
विक्रम श्रेष्ठ (बौद्धली भान्जा)
पेमा तामाङ मोक्तान
गङ्गाराम राई

प्रकाशन मितिः असार, २०८२

### Publisher

**Shree Boudhnath Area Development Committee**
Boudha- 6, Kathmandu, Nepal

### Publication Management

A One Nepali Update Pvt. Ltd.
funkeymedia17@gmail.com

### Edit/Design

Kedar Nath Gautam
kedarnath.gautam30@gmail.com

### Photo Credits

Bikal Sapkota
Bhim Bahadur Tamang
LG Biwash
Misan Sibirigo (Rai)
Rameswor Timalsina
Raj Kumar Lama
Saroj Basnet
Mani Lama
Bikram Shrestha (Boudhali Bhanja)
Pema Tamang Moktan
Ganga Ram Rai

Published on: June, 2025

# बौद्ध महाचैत्यको दृश्यगाथा

नेपालमा तीनवटा महाचैत्यहरु छन्- स्वयम्भू महाचैत्य, बौद्ध महाचैत्य र नमोबुद्ध । यी चैत्यहरूलाई हिमाली बौद्धमार्गीहरूले छ्योर्तेन नामसुम भनेर पुकार्ने गर्दछन् । यिनै तीनवटामध्येको एक हो, बौद्ध महाचैत्य । यसलाई हिमाली बौद्धमार्गीहरूले 'झ्यारूङ खास्योर छ्योर्तेन' नामले पुकार्ने गर्दछन्; काठमाडौं उपत्यकाका नेवारहरूले भने 'खास्ती चैत्य' भन्ने गर्दछन् । धार्मिक, पुरातात्त्विक तथा सांस्कृतिक दृष्टिकोणले अति नै महत्त्वपूर्ण बौद्ध महाचैत्यलाई यूनेस्कोले अक्टोब, १९७९ मा विश्व सम्पदा सूचीमा सूचीकृत गरेको छ । हिमाली बौद्ध धर्मावलम्बीहरु यस महाचैत्यलाई त्रि-काल बुद्धको चित्तको स्वरूप मान्दछन् भने चिन्तामणिको प्रतीकका रूपमा श्रद्धाभाव राख्दछन् ।

बौद्ध महाचैत्यको निर्माण ई.सं. ४०० ताका राजा वृषदेव वा विक्रमजीतले गरेको विश्वास गरिन्छ । (नेपालका तीन महाचैत्यको इतिहास, पृ. ६५) । राजा मानदेवको हातबाट आफ्नै पिताको हत्या भएकाले पापको प्रायश्चित गर्नका लागि उनले यस महाचैत्यको निर्माण गराएको भनाइ छ । त्यसैगरी, बौद्ध महाचैत्यको निर्माणका सन्दर्भमा लिच्छवि राजा शिवदेव (ई.सं. ५९०-६०४) को नाम पनि जोडिएको पाइन्छ । १६औं शताब्दीमा भोटबाट नेपाल आएका ङाग्छाङ शाक्य साङ्पोले जिर्णोद्धार गरेयता बौद्ध महाचैत्य अहिलेको नवीनतम स्वरूपमा रहेको हो । बौद्ध महाचैत्यबारे सवैभन्दा पुरानो लिखित दस्तावेज बाह्रौं शताब्दीको तेर्मा (निधि ग्रन्थ) हो । निधिपति उर्गेन लिङ्पाको पेमा काथाङ शेल ड्रागमा र पेमा काथाङमा बौद्ध महाचैत्यको उत्पत्तिबारे उल्लेख छ ।

प्राचीन वृत्तान्तअनुसार देवराज इन्द्रकी कान्छी छोरी गाङ छ्युङ्माले फूल चोरेको कारण मनुस्यलोकमा देछोगको रूपमा जन्म लिइन् । उनले पछि घोडा गोठालो, सुँगुर गोठालो, कुकुर व्यपारी र कुखुरा व्यापारीसँग विवाह गरी ती सवैबाट एक-एक जना छोरा जन्माइन् । ती छोराहरु क्रमशः ताजेबु, फाग्जेबु, खीजेबु र झ्याजेबु कहलिए । देछोगलाई 'झ्याजीमा' भनियो र तिनैले आफ्ना चार छोराहरूको मद्दतमा बौद्ध महाचैत्यको निर्माण गरेको भनाइ छ । यस वृत्तान्तअनुसार देछोग अर्थात् झ्याजीमाले राजासँग छ्योर्तेन बनाउने अनुमति माग्दा 'हुन्छ बनाउनू' भन्ने वचन दिएको र पछि अति विशाल छ्योर्तेन निर्माण हुँदै गरेको देखेपछि स्थानीय मानिसहरूले राजासँग 'राजा वा मन्त्रीले समेत बनाउन नसक्ने किसिमको भव्य निर्माणकार्य रोक्नुपर्छ' भनी बिन्ती चढाउँदा राजाले आफ्नो वचन खुस्किएको (खास्योर) र बनाउन दिने निर्णय भएको भनी निरन्तरता दिने आदेश दिएको हुनाले यसको नाम 'झ्यारूङ खास्योर' रहन गएको भनाइ छ ।

यस महाचैत्यमा काश्यप बुद्धको अस्तिधातु राखिएको विश्वास गरिन्छ । सप्त तथागतमध्येका छैटौं तथागत काश्यप बुद्धको अस्तिधातु राखेर बनाइएको भनाइका आधारमा यस चैत्यलाई अति प्राचीन मान्न सकिन्छ । अष्टमण्डलाकारको यो चैत्य नेपाली वास्तुकलाको अनुपम उदाहरण पनि हो । प्रदक्षिणा-पथको वरिपरि १४७ वटा खोपा र ६४९ वटा स-साना मणि खोर्लोहरु रहेको यस चैत्यको उचाइ ४३.४५ मिटर छ । यस महाचैत्यमा प्रदक्षिणा-पथ, अष्टमण्डल, गर्भ, हर्मिका, हर्मिकामा दुई आँखा, त्रयोदशभूमि, पद्म, छत्रावली र गजुर रहेका छन् । ताम्वा काहतेनमा उल्लेख भएको 'झ्यारूङ खास्योर ज्याल्सामी सेमरी म्हान्बा डुब्ला रो' अर्थात् 'बौद्ध महाचैत्यको दर्शन गरेमा मनले चिताएको पुग्छ' भन्ने वाक्याङ्शले बौद्ध महाचैत्य चिन्तामणि रत्न हो भन्न सकिन्छ । यसर्थ, यो मनले चिताएको पुऱ्याउने अति नै महत्त्वपूर्ण रत्न हो ।

# दृश्यगाथाको प्रकाशनबारे



विश्व सम्पदा सूचीमा सूचीकृत, ऐतिहासिक, धार्मिक एवम् सांस्कृतिक धरोहर बौद्ध महाचैत्यको गरिमा र महत्त्वलाई दृष्टिगत गर्दै प्रस्तुत गरिएको **बौद्ध महाचैत्यको दृश्यगाथा** फोटो पुस्तक प्रकाशन गर्न पाउँदा हामी अत्यन्त गौरवान्वित र हर्षित भएका छौं ।

काठमाडौं उपत्यकाको पूर्वी भेगमा अवस्थित बौद्ध महाचैत्य केवल एक धार्मिक स्थल मात्र नभई बौद्ध दर्शन, कला, वास्तुकला, संस्कृति र समुदायबीचको सहअस्तित्वको मूर्त प्रतीक हो । यस महाचैत्यलाई तामाङ तथा हिमाली बौद्ध समुदायले खस्योर, ङ्यारूङ खस्योर, छ्योर्तेन एवम् आम रूपमा बौद्ध छ्योर्तेन, बौद्ध महाचैत्य आदि विविध नामबाट सम्बोधन गर्दछन् । विश्वमा रहेका चैत्यमध्ये सबैभन्दा विशाल यो चैत्य कश्यप बुद्धको अस्तिधातु राखी निर्माण गरिएको एक मात्र चैत्य हो । त्रिकाय बुद्धको चित्तको प्रतीक मानिने यो महाचैत्य महायान बौद्ध परम्पराको केन्द्रविन्दुका रूपमा स्थापित छ, जसलाई चिन्तामणि रत्न अर्थात् मनोकामना पूर्ति गर्ने रत्नको प्रतीकका रूपमा श्रद्धापूर्वक पूजा गरिन्छ ।

यस फोटो पुस्तकले बौद्ध महाचैत्यको भौतिक सौन्दर्य, ऐतिहासिक गाथा, सांस्कृतिक विविधता र सामाजिक समन्वयलाई तस्बिरमार्फत् प्रस्तुत गर्ने प्रयास गरेको छ । तस्बिरले शब्दभन्दा बलियो अभिव्यक्ति गर्न सक्दछ भन्ने धारणा अनुरूप तयार पारिएको यो कृति दृश्य-दस्तावेजका रूपमा भावी पुस्ताका लागि एक महत्त्वपूर्ण दस्तावेज बन्ने विश्वास लिएको छु ।

बौद्धनाथ क्षेत्र विकास समितिको तर्फबाट महाचैत्य क्षेत्रको संरक्षण, सम्बर्द्धन, विकास र धार्मिक गतिविधिहरूलाई व्यवस्थित बनाउने निरन्तर प्रयास भइरहेका छन् । यस पुस्तकमार्फत् ती प्रयासहरूको समेत दृश्य-अभिलेख तयार भएको छ, जुन सम्पूर्ण पाठक, पर्यटक, अनुसन्धाता तथा धर्मावलम्बीहरूका लागि उपयोगी स्रोत बन्नेछ । यस सार्थक कार्यमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण, फोटोग्राफर, डिजाइनर, प्राविधिक, सहयोगी तथा प्रेरक व्यक्तित्वहरूप्रति गहिरो कृतज्ञता व्यक्त गर्दछु । आगामी दिनहरूमा पनि यस्ता सिर्जनात्मक र दस्तावेजिक सामग्रीमार्फत बौद्ध महाचैत्यको महिमा अझ उजागर गर्दै लैजान सकिने विश्वास लिएको छु ।

**राजकुमार लामा**
अध्यक्ष
**श्री बौद्धनाथ क्षेत्र विकास समिति**

# दृश्यगाथा : ऐतिहासिक दस्तावेज




बौद्धनाथ क्षेत्र विकास समितिले विश्व सम्पदा सूचीमा सूचीकृत बौद्ध महाचैत्य र आफूले गरिआएका कामहरूलाई तस्बिरमार्फत पस्कने कोसिस गरेको छ । यसले भए-गरेका कार्यहरूलाई प्रस्तुत गरेको छ भने ऐतिहासिक दस्तावेज समेत तयार हुने अपेक्षा राखिएको छ ।

यस फोटो सङ्कलन हाम्रो समितिले सम्पादन गर्दै आएको सांस्कृतिक, धार्मिक र ऐतिहासिक सम्पदाको संरक्षण तथा प्रवर्द्धन कार्यको अभिलेखका रूपमा तयार गरिएको हो । यस सङ्ग्रहमा प्रस्तुत तस्बिरहरूले पवित्र स्थलहरू, सांस्कृतिक परम्पराहरु र अनुष्ठानहरूको सौन्दर्य मात्र होइन, तिनको संरक्षण, जागरण तथा सामुदायिक सहभागितामा आधारित गतिविधिहरूलाई पनि उजागर गर्दछ ।

फोटोहरूका माध्यमबाट यो एल्बमले हाम्रो संस्थाको अमूल्य सम्पदा जोगाउने प्रतिबद्धता प्रतिबिम्बित गर्दछ । परम्परागत चाडपर्व, धार्मिक समारोह, पुनःसंरक्षण कार्यहरु र जनचेतनामूलक कार्यक्रमहरु यसमा समावेश गरिएका छन्, जुन हाम्रो जीवित विरासतको दृश्य-दर्शन हुन् । यो एल्बम सबैका लागि उपयोगी दस्तावेज बन्ने विश्वास लिइएको छ । यो केवल दृश्याभिलेख मात्र नभई वर्तमान तथा भावी पुस्ताका लागि सम्पदा संरक्षणमा समर्पित व्यक्तिहरु र समुदायप्रतिको कर्तव्यपरायणता पनि हो ।

यस प्रकाशनलाई सफल बनाउन योगदान पुऱ्याउनु भएका सम्पादक, तस्बिरदाता, प्राविधिक, सबै सहयोगी, शुभेच्छुक तथा समर्थकहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । धन्यवाद !

**मोहनकुमार तामाङ**
कार्यकारी निर्देशक
**श्री बौद्धनाथ क्षेत्र विकास समिति**




नेपालको नक्सा
(राजनीतिक तथा प्रशासनिक)

# OM MANI PADME HUM

**OM** — Purity of the Buddha's body, speech and mind


**MANI** — Jewel compassion and boddichitta

**PADME** — Lotus wisdom

**HUM** — Unity of method and wisdom



| OM | MA | NI | PAD | ME | HUM |
|---|---|---|---|---|---|
| PRIDE | JEALOUSY | SELFISHNESS | IGNORANCE | CRAVING | ANGER |
| equal respect to all | remove envy to success | equality of all living being | power of self-awareness | all needs are completely subsided | inner stability |




महाभारतकालीन
भारतवर्षको
ऐतिहासिक नक्सा ।



मञ्जुश्रीद्वारा चोभारको डाँडा काटी उपत्यकाको पानी निकास गर्दै गरेको पौराणिक दृश्य ।



भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनी : युनेस्को विश्व-सम्पदा सूचीमा सूचीकृत एक पवित्र स्थल ।



काठमाडौं उपत्यकाको एक ऐतिहासिक, धार्मिक र सांस्कृतिक स्थल स्वयम्भू (गोपुच्छ पर्वत) र त्यस वरपरको ग्रामीण जीवनशैलीको चित्रण रहेको तस्बिर ।



बौद्ध महाचैत्य : फाँटको बीचमा उभिएको बौद्ध धर्मको गौरव ।



सोलुखुम्बु जिल्लामा अवस्थित विश्वकै सर्वोच्च चुचुरो : सगरमाथा (८,८४८.८६ मिटर) ।



सूर्य अस्ताउँदै गर्दाको बौद्ध महाचैत्य ।



खुला खेतबारीको बीचमा ऐतिहासिक र दुर्लभ बौद्ध महाचैत्यको दृश्य ।



ड्रोनबाट देखिएको बौद्ध महाचैत्यको दृश्य ।



पुनर्निर्माण अघिको महाकाल मन्दिर ।






बौद्धनाथ क्षेत्र विकास समितिद्वारा जिर्णोद्धार र पुनर्निर्माण गरिएको महाकालको प्रतिमा ।




वोलगाङ कार्नद्वारा सन् १९६० को दशकमा खिचिएको बौद्ध महाचैत्यको पुरानो तस्बिर ।






विभिन्न कालखण्डमा खिंचिएका बौद्ध महाचैत्यका पुराना तस्बिरहरु ।



करिव ६० वर्षअघि बौद्ध महाचैत्यमा तेमाल जात्रा मनाइँदाको तस्बिर ।



बौद्ध महाचैत्यमा तेमाल जात्रा मनाइँदाको वर्तमान तस्बिर ।














बौद्धमा मनाइने विभिन्न पर्व र जात्राहरु ।





माघ शुक्ल पूर्णिमाका दिन विशेष रूपमा मनाइने ऐतिहासिक, धार्मिक र सांस्कृतिक पर्व मामला जात्रा ।



बौद्धका स्थानीय तामाङले आफ्नो मैलिक ढङ्गबाट मनाउँदै आएको गठेमङ्गल पर्व ।



दीपावलीको रातमा ड्रोनबाट खिचिएको बौद्ध महाचैत्यको तस्बिर ।



दीपावलीको रातमा ड्रोनबाट खिचिएको बौद्ध महाचैत्यको तस्बिर ।



तेमाल जात्राका दिन ड्रोनबाट खिचिएको बौद्ध महाचैत्यको तस्बिर : चैत पूर्णिमामा मनाइने तेमाल जात्रा तामाङले दिवङ्गत आफन्तप्रति श्रद्धा अर्पण गर्ने विशेष तिथि ।



बौद्ध महाचैत्य भ्रमणमा रहेका अमेरिकी सिनेटरसँग समितिका पदाधिकारीलगायत ।



बौद्ध महाचैत्य परिसरमा छ्योमे बाल्दै पूर्व संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री माननीय हितबहादुर तामाङ ।








बुद्धजयन्तीको अवसरमा श्री बौद्धनाथ क्षेत्र विकास समितिद्वारा आयोजित विद्यालयस्तरीय चित्रकला प्रतियोगितामा सहभागी भएर विद्यार्थीहरूलाई हौसला दिँदै नेपालका लागि अस्ट्रेलियाली पूर्वराजदूत ।



श्री बौद्धनाथ परिसरको अनुगमन भ्रमण गर्दै राष्ट्रियसभा अन्तर्गतको सङ्घीय सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका पदाधिकारीहरूका साथमा श्री बौद्धनाथ क्षेत्र विकास समितिका पदाधिकारीहरु ।





सङ्ग्रहालयमा सङ्ग्रहित बौद्ध महाचैत्यको नमूना ।










विभिन्न राष्ट्रबाट आगमन भएका विदेशी उच्च पदस्थ अतिथिहरूलाई स्वागत गरी मायाको चिनो प्रदान गर्दै श्री बौद्धनाथ क्षेत्र विकास समितिका पदाधिकारीहरु ।




बौद्ध महाचैत्यको भ्रमणमा सहभागी उच्च पदस्थ चिनियाँ अतिथिसँग समितिका अध्यक्षसहितका पदाधिकारीहरु ।




विश्व पर्यटन दिवसको अवसरमा बौद्ध महाचैत्य भ्रमणमा आएका उच्च पदस्थ अतिथिहरूलाई स्वागत गर्दै समितिका अध्यक्ष ।




बौद्ध महाचैत्यको भ्रमण गर्दै 'विमस्टेक'का महासचिव महामहिम इन्द्रमणि पाण्डे ।



श्री बौद्धनाथ क्षेत्र विकास समितिका पदाधिकारी तथा कर्मचारीहरु ।



बौद्ध महाचैत्य परिसरको मामथानमा रहेको मामको प्रतिमा ।



बौद्ध महाचैत्य नजिकै रहेको विशाल घण्टी ।



बौद्ध महाचैत्यको पुनर्निर्माण हुँदै ।




बौद्ध महाचैत्यमा रङ्रोगन हुँदै ।



बौद्ध महाचैत्यको रात्रिकालीन तस्बिर ।



ऐतिहासिक महाकालको पुनर्निर्माण गरिँदै ।



महाङ्कालमा निर्मित गुरू रिन्पोछेको प्रतिमा ।





महाकाल प्रतिमा र गुरु रिन्पोछेको प्रतिमाको प्राणप्रतिष्ठाका निम्ति श्रद्धेय धर्मगुरू तेर्तोन नाम्खा रिन्पोछेलाई आमन्त्रणपश्चातको सामूहिक तस्बिर ।









महाकाल र गुरू रिन्पोछेको प्रतिमा प्राणप्रतिष्ठा गर्नुहुँदै श्रद्धेय धर्मगुरू तेर्तोन नाम्खा रिन्पोछे; साथमा कार्यक्रममा सहभागीहरु ।



महाकाल र गुरू रिन्पोछेको प्रतिमा प्राणप्रतिष्ठा गर्नुहुँदै श्रद्धेय धर्मगुरू तेर्तोन नाम्खा रिन्पोछे ।





श्रद्धेय धर्मगुरू तेर्तोन नाम्खा रिन्पोछेद्वारा महाकाल र गुरू रिन्पोछेको प्रतिमा प्राणप्रतिष्ठापश्चात समितिका पदाधिकारीहरु ।









हिन्दू, बौद्ध र बज्राचार्य गुरुहरुद्वारा आ-आफ्ना धार्मिक विधिअनुरुप महाकालको प्राणप्रतिष्ठा गरिँदै ।





बज्राचार्य गुरूद्वारा महाकालको प्राणप्रतिष्ठा गरिँदै ।



ब्रिटिस सङ्ग्रहालयमा रहेको बौद्ध महाचैत्यको पुरानो दुर्लभ तस्बिर ।





बज्राचार्य गुरूद्वारा महाकालको प्राणप्रतिष्ठा गरिँदै ।



महाकाल र गुरू रिन्पोछेको प्रतिमा प्राणप्रतिष्ठापश्चात वाङ प्रदान गर्नुहुँदै श्रद्धेय शरणनायक शेचेन राब्ज्याङ रिन्पोछे ।



श्री बौद्धनाथ क्षेत्र विकास समितिद्वारा पुनर्निर्माणपश्चातको महाकाल ।



विश्व सर्वोच्च शिखर सगरमाथामा बौद्धनाथको प्रतीक-चिह्न फहराउँदै आरोही आङ पेम्बा ग्याल्जेन शेर्पा ।



सगरमाथा आरोही आङ पेम्बा ग्याल्जेन शेर्पालाई प्रमाणपत्र प्रदान गर्दै समितिका अध्यक्ष ।







बौद्ध, तीनचुलीस्थित आनन्दपुरमा समितिद्वारा निर्मित गुरू रिन्पोछेको प्रतिमा ।








बौद्ध, तीनचुलीस्थित आनन्दपुरमा समितिद्वारा निर्मित गुरू रिन्पोछेको प्रतिमा ।



तीनचुली देवीस्थान गुठीको सामुदायिक भवन सिलान्यास ।






श्री बौद्धनाथ क्षेत्र विकास समितिद्वारा नाम्गेल झ्याङ्छ्युब छ्योइलिङ गुम्बालाई क्याटरिङ सामग्री हस्तान्तरण ।








श्री बौद्धनाथ क्षेत्र विकास समितिद्वारा ऐतिहासिक तामाङ महारानी कुवाको जिर्णोद्धार हुँदै ।



जिर्णोद्धारपश्चातको ऐतिहासिक तामाङ महारानी कुवाको तस्बिर ।





श्री ५ महाराजधिराज त्रिभुवनको काहिंली रानीसाहेबले वि.सं. १९९९ साल चैत्र ३ गतेका दिन राखेको बौद्ध कलधारा निर्माण को शिलालेख (हालको अक्षर वा लिपिमा)

चन्द्रमा

सूर्य

१. स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली
२. विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्वल नेपाल तारा अतिप्रबल गोर्खा
३. दक्षिण बाहु अतुल ज्योतिर्मय त्रिशक्ति पट्ट महाधिपति श्री मन्महाराजाधिराज-
४. ज श्री श्री श्री महाराज त्रिभुवनवीर विक्रम जङ्गबहादुर साह बाहदुर सम्सेरज
५. ङ देवानाम्का श्री ५ काहिंला रानी साहेबबाट स्वर्गवासी श्री काहिंला मैयाँ दुम-
६. ...प्रिया राज्यलक्ष्मीदेवीको अक्षय (?) स्वर्गवास होस भन्ना निमित्त बौद्धदेखि केही
७. ...रामहिटि भन्ने ठाउको पानिको मूलमा रिजर्भायर बनाई त्यहाँदेखि पा-
८. इप हाली बौद्धको गिर्दभित्र १ धारा सो गिर्ददेखि बाहिर गोकर्ण जाने सड-
९. कमा १ धारा उत्तर पट्टि १ धारा स्मेत (समेत) कलधारा ३ राखि बक्सेको स्व धारा
१०. को पाइप भत्किए बिग्रेको मर्मतलाई कालिमाटिको साखे पारेवा खेत रोपनि
११. ... वर्ष १ को कुत धान मुरि ४। च्यार श्री ५ सरकार गुठि तहसिल अड्डा
१२ .. तहसिल गराई सो आयस्ताबाट सो धाराको पाइप भत्के-
१३. बिग्रेमा समेत पानी अड्डाबाट मर्मत गराउने सवद (?) भयको छ सो धारा
१४ कसैले भत्काउने बिगार्ने फोहोर मैला नगर्नु कदाचित बिग्रन ग
१५. यमा धेरै बिग्रन नपाउँदै पानी अड्डामा भंत गई मर्मत गराउनु सो-
१६. दत्तां परदत्तां वा यो हरेत्व वसुन्धरम्। षष्टीवर्ष सहस्राणि विष्टायां जा
१७. यते कृमि। विक्रम सम्वत १९९९ साल चैत्र ३ गते रोज ३ (?) शुभम
१८. म्

वा लिपिमा
हालको अक्षर अभिलेख उतार गर्ने
प्रा.डा. रमेश कुमार ढुंगेल

July 2, 2024
१८ आषाढ २०८१

ऐतिहासिक तामाङ महारानी कुवामा प्राप्त शिलालेख र त्यसको नेपाली लिप्यान्तर । प्राप्त शिलालेखका आधारमा यो कुवा वि.सं. १९९८ मा निर्माण भएको देखिन्छ ।











बौद्धस्थित कुवा टोलमा अवस्थित तीनकुवाको पुनर्निमाणपछि उद्घाटन गर्दै समितिका अध्यक्ष ।








ऐतिहासिक सिद्धेश्वर कुवाको पुनर्निर्माणपछि उद्घाटन गर्दै समितिका अध्यक्ष ।




श्री बौद्धनाथ क्षेत्र विकास समितिद्वारा पुनर्निर्माणपश्चातको तीनकुवा ।









ऐतिहासिक ढुङ्गेधारा लामाहिटी (रामहिटी) । लामाहिटी अपभ्रंश भएर रामहिटी भएकाले अहिले उक्त स्थान यही नामबाट चिनिन्छ ।



श्री बौद्धनाथ क्षेत्र विकास समितिद्वारा प्रदान गरिने शैक्षिक सामग्री ग्रहण गर्न प्रतिक्षारत समता विद्यालयका विद्यार्थीहरु ।



श्री बौद्धनाथ क्षेत्र विकास समितिद्वारा समता सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गर्दै ।




महेन्द्र बौद्ध माविमा रिभर्स अस्मोसिस प्रणालीसहित शुद्ध पिउने पानीको व्यवस्थापनपछि उद्घाटन गर्दै समितिका अध्यक्ष ।




बौद्ध महाचैत्य वरिपरि सरसफाइ अभियानका क्रममा तत्कालीन मन्त्री सुदन किरातीसहितका सहभागीहरु ।












प्रतियोगितामा सहभागी विजेताहरूलाई मेडल तथा ट्रफी प्रदान गर्दै समितिका अध्यक्ष ।




श्री बौद्धनाथ क्षेत्र विकास समितिद्वारा आयोजित दौड प्रतियोगिताको समापनमा अतिथि, समितिका पदाधिकारी तथा खेलाडीहरु ।



श्री बौद्धनाथ क्षेत्र विकास समितिद्वारा आयोजित विभिन्न खेलकुद प्रतियोगितामा स्वर्ण पदक विजेता खेलाडीहरूलाई नगद पुरस्कारसहित सम्मान गर्दै ।




गाईजात्रा र रोपाइँजात्राका पुरस्कृत सहभागीहरूलाई पुरस्कार वितरण गरिँदै ।







बुद्धजयन्तीको अवसरमा श्री बौद्धनाथ क्षेत्र विकास समितिद्वारा आयोजित विद्यालयस्तरीय चित्रकला प्रतियोगिता ।



महेन्द्र बौद्ध माविको चौरमा समितिद्वारा दुबोको कार्पेट बिछ्याइँदै ।






बौद्ध-ध्यान प्रशिक्षणमा सहभागी खेलाडी र प्रहरीहरु ।







स्वर्णपदक विजेताहरूलाई नगद पुरस्कार प्रदान गरिँदै ।













श्री बौद्धनाथ क्षेत्र विकास समितिका संस्थापक अध्यक्ष स्वर्गीय साङ्गे लामाको अर्द्धकदको सालिक अनावरणपश्चातको सामूहिक तस्बिर ।









२५६९औं बुद्धजयन्तीको अवसरमा श्री बौद्धनाथ क्षेत्र विकास समितिद्वारा आयोजित शान्ति र्‍याली ।











श्री बौद्धनाथ क्षेत्र विकास समितिद्वारा ह्यात रिजेन्सी होटेलको प्राङ्गणमा आयोजित २५६९औं बुद्धजयन्तीको झलक ।








श्री बौद्धनाथ क्षेत्र विकास समितिद्वारा आयोजित विभिन्न विषयका सीपमूलक तालिममा सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्दै ।




२५६९औं बुद्धजयन्तीको अवसरमा आयोजित कार्यक्रमका प्रमुख अतिथि बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामालाई समितिका कार्यकारी निर्देशक मोहनकुमार तामाङद्वारा मायाको चिनो प्रदान गर्दै गरिँदै ।




बौद्ध गेटनजिक ट्राफिक लाइट जडानको समुद्घाटन ।



समितिका संस्थापक अध्यक्ष स्व. साङ्गे लामाको प्रतिमा अनावरण गर्दै वर्तमान अध्यक्ष ।



दौड प्रतियोगिताका सहभागीहरु ।




सुतीनगरमा सामुदायिक भवनको समुद्घाटन ।











भुवलडाँडास्थित ऐतिहासिक कुवाको समुद्घाटन गर्दै ।












तम्बा प्रशिक्षण कार्यक्रममा मायाको चिनो प्रदान गर्दै समितिका अध्यक्ष तथा कार्यकारी निर्देशक ।




महाकाल र गुरू पद्मसम्भव प्रतिमाको प्राणप्रतिष्ठा समारोहमा श्रद्धेय तेर्तोन नाम्खा रिन्पोछेलाई स्वागत गर्न लामबद्ध तम्बा सङ्घ नेपालका पदाधिकारीहरु ।





महाकाल प्रतिमाको प्राणप्रतिष्ठापश्चात श्रद्धेय तेर्तोन नाम्खा रिन्पोछेका साथ तम्बा सङ्घ नेपालका तम्बाहरु ।










श्री बौद्धनाथ क्षेत्र विकास समितिद्वारा आयोजित २५६९औं बुद्धजयन्तीका झलकहरु ।














श्री बौद्धनाथ क्षेत्र विकास समितिद्वारा विभिन्न सामग्रीहरु हस्तान्तरण गरिँदै ।









हरियाली प्रवर्द्धनका निम्ति समितिद्वारा वृक्षारोपण गरिँदै ।









सरसफाइमा सहभागी पूर्वमन्त्री सुदन किरातीसहित समितिका पदाधिकारीहरु ।



हिमाली बौद्ध धर्म र परम्परा प्रशिक्षण कार्यक्रम, २०८२ को समापन समारोह;
बौद्ध परिसरमा श्रद्धेय शरणनायक पेमा रिग्चाल रिन्पोछे सहभागी हुने क्रममा ।



बौद्ध महाचैत्य परिसरमा म्हाने घुमाउँदै एक महिला ।



घ्योइलिसाङ शान्ति बाटिकास्थित गुरू पद्मसम्भवको प्रतिमा ।



तीनचुली, जहाँ किम्बदन्ती अनुसार देवी झ्याझिमाले देवलोकबाट अवतरण गर्नुभई ब्रासिङग्याल्बो ज्होहोबाट ल्याइएका भाँडाकुँडामा खाना पकाएर बौद्ध निर्माणमा खटिएका श्रमिकहरूलाई खुवाउनुहुन्थ्यो र सो ऐतिहासिक चुलो यस स्थानमा आज पनि संरक्षित छ ।



श्री बौद्धनाथ क्षेत्र विकास समितिद्वारा कुमारी माता मन्दिर परिसरमा निर्मित बुद्ध प्रतिमा ।



आरूबारी आनन्दपुरस्थित धुरठोइमा श्री बौद्धनाथ क्षेत्र विकास समितिको आर्थिक सहयोगमा २०७६ सालमा निर्मित ५५ फिट अग्लो ल्हाबब छ्योर्तेन ।



श्री बौद्धनाथ क्षेत्र विकास समितिका संस्थापक अध्यक्ष स्व. श्री साङ्गे लामाको प्रतिमा ।




श्री बौद्धनाथ क्षेत्र विकास समितिद्वारा निर्मित साहित्य सदन नेपालको गेट तथा पर्खाल ।



नेपाल पुलिस क्लबमा अवस्थित महाकाल भगवान्‌ले पाऊ टेकेको विश्वास गरिएको ठाउँ; जसलाई शक्तिको प्रतीकका रूपमा पुजिन्छ ।




श्री बौद्धनाथ क्षेत्र विकास समितिद्वारा कामपा- ६ मा निर्मित सत्तल (फल्चा) ।



श्री बौद्धनाथ क्षेत्र विकास समितिद्वारा ज्येष्ठ नागरिकहरूलाई लुम्बिनी भ्रमण गराइँदै ।





श्री बौद्धनाथ क्षेत्र विकास समितिद्वारा ज्येष्ठ नागरिकहरूलाई लुम्बिनी भ्रमण गराइँदै ।








श्री बौद्धनाथ क्षेत्र विकास समितिद्वारा अघि बढिरहेका विकास निर्माणका विभिन्न कार्यहरु ।






समितिद्वारा आयोजित हिमाली बौद्ध धर्म र परम्परा प्रशिक्षण कार्यक्रम, २०८२ ।





चाबहिलस्थित चारूमति मन्दिरको पुरानो (बायाँ) र नयाँ स्वरूपको (दायाँ) तस्बिर ।






बुद्ध जन्मस्थल लुम्बिनीमा अवस्थित इ.पू. तेस्रो शताब्दीमा मौर्य सम्राट अशोकले स्थापना गरेको स्तम्भ ।











विभिन्न कार्यक्रमहरुमा सहभागी अतिथि तथा समितिका पदाधिकारीहरु ।



श्री बौद्ध महाचैत्यको ऐतिहासिक स्केच ।



बौद्ध महाचैत्य भ्रमणमा आएका चीनका उपसभामुख र प्रतिनिधिहरूसँग कार्यकारी निर्देशक ।







समितिद्वारा रामहिटीको सानो ढुङ्गे धारामा डिप बोरिङ तथा पानी फिल्टर राख्ने कार्य गरिँदै ।




समितिद्वारा चार धारा (कुवा) को पुनर्निर्माण ।




संस्थापक अध्यक्ष साङ्गे लामा धार्मिक प्रवचन कार्यक्रममा (२०५४ साल) ।







हिमाली बौद्ध धर्म र परम्परा प्रशिक्षण कार्यक्रममा समितिका वर्तमान अध्यक्ष राजकुमार लामा ।



समितिद्वारा जडित सीसीटीभी अवलोकन गर्दै समितिका अध्यक्ष ।



नमोबुद्धमा ङिञ्जे छिम्पो राजकुमारले भोकाएको बघिनीलाई शरीरदान गरेको दृश्य ।



शरीरदान गरेको स्थानमा निर्माण गरिएको छ्योर्तेन ।





प्राणदान गरेको पुण्यको फलले लुम्बिनीको उद्यानमा
मायादेवीको कोखबाट जन्म लिएको दृश्य ।



बोधगयाको बोधिवृक्षमुनि छ वर्षसम्म
अनवरत रुपमा तपस्यापश्चात बुद्धत्व प्राप्त ।

# श्री बौद्धनाथ क्षेत्र विकास समितिका पदाधिकारीहरू

अध्यक्ष : राजकुमार लामा

कार्यकारी निर्देशक : मोहनकुमार तामाङ

सदस्य : पशुपतिनाथ खतिवडा (श्याम)

सदस्य : जानुका भण्डारी श्रेष्ठ

सदस्य : रग्वा शेर्पा

सदस्य : सुरज लामा

सदस्य : सैलेश श्रेष्ठ

# निम्नानुसार फोटोग्राफरहरूलाई हार्दिक धन्यवाद !

**विकल सापकोटा**

पृ. १०, १५, २०, २१, २२, २३, २५, २७, २८, २९, ३३, ३४, ४६, ४७, ४९, ५१, ५२, ५३, ५५, ५६, ५७, ५८, ५९, ६०, ६१, ६२, ६३, ६४, ६५, ६६, ६८, ७०, ७१, ७६, ७७, ७८, ७९, ८०, ८२, ८३, ८६, ८७, ८८, ९३ र ९५ मा प्रकाशित तस्बिरहरु ।

**भीमबहादुर तामाङ**

पृ. ७, १४, १९, ३०, ३२, ३५, ४४, ४८, ५४, ६९, ७२, ७५, ८१, ८४, ८५ र ९० मा प्रकाशित तस्बिरहरु ।

**मिसन सिविरिगो (राई)**

पृ. ९, १७ र १८ मा प्रकाशित तस्बिरहरु ।

**यलजी विश्वास**

पृ. ३६, ३८, ३९, ४०, ४२, ४३ र ७४ मा प्रकाशित तस्बिरहरु ।

**राजकुमार लामा**

पृ. ३ र ६ मा प्रकाशित तस्बिरहरु ।

**रामेश्वर तिमल्सिना**

पृ. १६ र ६७ मा प्रकाशित तस्बिरहरु ।

**विक्रम श्रेष्ठ (बौद्धली भान्जा)**

पृ. २४ मा प्रकाशित तस्बिर ।

**सरोज बस्नेत**

पृ. ३७ मा प्रकाशित तस्बिर ।

**मणि लामा**

पृ. ३१ मा प्रकाशित तस्बिर ।

**पेमा तामाङ मोक्तान**

पृ. ९८ मा प्रकाशित तस्बिर ।


**गङ्गाराम राई**

आवरण तस्बिर ।

श्री बौद्धनाथ क्षेत्र विकास समितिका अध्यक्ष राजकुमार लामाबाट प्राप्त निम्न विवरणका तस्बिर, चित्र र नक्साहरूमा कसैले प्रमाणसहित आफ्नो सिर्जन-स्वामित्व दावी गरेमा उहाँहरूको योगदानलाई स्वीकार गर्दै आगामी संस्करणमार्फत उद्धृत गरेर कृतज्ञता प्रकट गरिने छ ।

**निम्न पृष्ठहरूमा प्रकाशित तस्बिर, स्केच र चित्रका सर्जक महानुभावहरूलाई हार्दिक आभारसहित धन्यवादः**

पृ. १, २, ४, ५, ८, ११, १२, १३, २६, ४१, ४५, ५०, ७३, ८९, ९१, ९२, ९४, ९६, ९७, ९९ र १०० ।



GOVERNMENT OF NEPAL
MINISTRY OF CULTURE, TOURISM AND CIVIL AVIATION
**SHREE BOUDHANATH AREA DEVELOPMENT COMMITTEE**
BOUDHA- 6, KATHMANDU, NEPAL